nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

17°C । वर्ष :११, अंक : १२८ पृष्ठ ४ । आइतबार २७ पुस २०८२ । SUNDAY, JANUARY 11, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## रहबर अन्सारी रास्वपामा प्रवेश गर्ने तयारीमा



**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,२६ पुस ।**

मधेस प्रदेशका पूर्व राज्यमन्त्री तथा प्रदेशसभा सदस्य रहबर अन्सारीले नेकपा (माओवादी केन्द्र) बाट राजीनामा दिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गर्ने तयारी गरेका छन् । बिहीबार उनले पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई राजीनामा पत्र पठाउँदै पार्टी परित्यागको औपचारिक घोषणा गरेका हुन् । निकट स्रोतका अनुसार, अन्सारीले माओवादीमा साधारण सदस्यतासमेत जोखिममा परेको अवस्था र आगामी प्रतिनिधिसभा निर्वाचनमा टिकट नपाउने सुनिश्चित भएपछि रास्वपा प्रवेश गर्ने निर्णय गरेका हुन् । उनी पर्सा-१ वा बारा-४ बाट निर्वाचन लड्ने तयारीमा छन् र बारा-४ लाई प्राथमिकता दिएका देखिन्छन् । तर, अन्सारीको सम्भावित प्रवेशप्रति बीरगन्जका जेन-जी युवाहरूले कडा असन्तुष्टि व्यक्त गरेका छन् । जेन-जी युवा विक्की सर्राफले मधेस र जेन-जी आन्दोलनमा कुनै योगदान नदिएका, आफ्नो क्षेत्रमा काम नगरेका रहबर जस्ता अवसरवादी नेताहरूलाई पार्टीमा भित्र्याउनु युवा र वैकल्पिक पार्टीको छवि विपरीत हुने बताए ।

पर्साका अध्यक्ष विशेष साहले पनि विद्रोहको चेतावनी दिँदै भने, "आन्दोलनमा भूमिका नखेलेका व्यक्तिलाई प्रवेश गराएर चुनाव लडाए हामीले विरोध गर्नेछौं ।"अन्सारीको राजनीतिक करियर विवादित र स्टन्टबाजीले भरिएको छ। बीरगन्जमा सिमेन्ट माफियाविरुद्ध र्‍याली, घण्टाघरमा कालो मोसो लगाएर प्रदर्शन र स्थानीय निर्वाचनमा भाइरल भिडियो बनाउने जस्ता घटनाहरूले उनलाई 'स्टन्ट गर्ने नेता' को छवि दिएको छ ।

## रक्सौल बाँर्डरमा श्रीलंकाई नागरिक र भारतीय सहयोगी पक्राउ



**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,२६ पुस ।**

बिहार-नेपाल सीमा नजिक रक्सौल बॉर्डरमा एसएसबी र इमिग्रेशन विभागले अवैध रूपमा भारत प्रवेश गर्ने प्रयास गरिरहेका एक श्रीलंकाई नागरिक र उनका सहयोगी भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ परेका श्रीलंकाई नागरिकको नाम कच्ची मोहम्मद हनिफ रहेको छ भने भारतीय सहयोगी केरला निवासी कानोथ रसीद हुन् । उनीहरू नेपालबाट रक्सौल बॉर्डर हुँदै बिना भिसा भारत प्रवेश गर्न खोजिरहेका थिए । एसएसबीले मैत्री पुलमा उनीहरूलाई रोकी जाँच गर्दा अवैध घुसपैठको पुष्टि भएको थियो । एसएसबीले श्रीलंकाई नागरिकको कब्जाबाट पासपोर्ट, नेपाली मुद्रा, श्रीलंकाई परिचय पत्र, मोबाइल, क्यामरा लगायत अन्य सामान जफत गरेको छ । सुरक्षा एजेन्सीले अहिले श्रीलंकाई नागरिकसँग भारत प्रवेशको उद्देश्य र योजना सम्बन्धमा विस्तृत सोधपुछ गरिरहेको छ । भारतीय सहयोगीसँग पनि सोधपुछ भइरहेको छ कि उनी विदेशी नागरिकलाई भारत किन ल्याउन खोजिरहेका थिए र कति दिनदेखि उनीसँग सम्पर्कमा दोस्रो बटालियन सक्रिय छ र यसअघि पनि दर्जनौं विदेशी नागरिकलाई हिरासतमा लिइएको छ। अधिकारी संजय पांडेय का अनुसार, अनुसन्धानपछि आवश्यक कानुनी प्रक्रिया अघि बढाउँदै सम्बन्धित थाना समर्पण गर्ने तयारी भइरहेको छ ।

## रक्सौलमा प्रशासनको नोटिसले मच्चायो हडकम्प : स्थानीय अतिक्रमणकारी घोषणा




**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,२६ पुस ।**

भारत-नेपाल सीमा नजिकको अन्तर्राष्ट्रिय शहर रक्सौलमा जिल्ला प्रशासनले सयौं स्थानीयलाई एकैसाथ नोटिस पठाएपछि शहरमा हडकम्प मच्चिएको छ । प्रशासनले दशकौंदेखि बसोबास गर्दै आएका नागरिकलाई सम्बन्धित जग्गा 'खास महल'को भएको दाबी गर्दै अतिक्रमणकारी घोषणा गरेको छ । प्राप्त नोटिसपछि स्थानीय बासिन्दामा त्रास, अन्योल र मानसिक तनाव सिर्जना भएको छ । कतिपय परिवार तनावमा परेका छन् भने केही व्यक्तिहरू बिरामी परेको समाचार पनि छ । नोटिस अनुसार, जग्गाको मूल्य प्रतिडिसमिल २६ लाख भारतीय रुपैयाँ निर्धारण गरिएको छ । बसोबास गर्नेहरूले कुल मूल्यको ५ प्रतिशत रकम बुझाएर ३० वर्षका लागि लिज (भाडा सम्झौता) लिनुपर्ने प्रशासनले निर्देशन दिएको छ । प्रशासनले तोकिएको समयसीमाभित्र लिज प्रक्रिया पूरा नगरे कानुनी कारबाही अघि बढाइने चेतावनीसमेत दिएको छ । स्थानीयहरूका अनुसार, उनीहरूका पूर्वजाहरूले पुस्तौँदेखि उक्त जग्गामा बसोबास गर्दै आएका छन्। त्यसैले एकाएक अतिक्रमणकारी घोषणा गर्नु अन्यायपूर्ण भएको उनीहरूको भनाइ छ । रक्सौल अन्तर्राष्ट्रिय शहर भएकाले यहाँको जग्गाको मूल्य केवल बिहारमा मात्र होइन, भारतका ठूला शहरसँग समेत तुलना गर्न सकिने गरी उच्च छ । स्थानीय नागरिकहरूले प्रशासनको निर्णय फिर्ता लिन सरकारसँग माग गर्दै आवश्यक परे निवेदनदेखि सडक आन्दोलनसम्मको बाटो अपनाउने चेतावनी दिएका छन् । जिल्ला प्रशासनको यस विषयमा थप आधिकारिक प्रतिक्रिया आउन बाँकी छ ।

## सिर्सिया नदी प्रदूषणविरुद्ध युवाहरुको साहसी कदम, संघलाई चेतावनी

**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,२६ पुस ।**

वीरगन्जका जेनजी पुस्ताका युवाहरुले सिर्सिया नदी प्रदूषणमुक्त बनाउन दबाबमुलक अभियानका रूपमा वीरगन्ज उद्योग वाणिज्य संघको मुख्य गेटमा नदीको फोहोर पानी भरेका बोत्तल झुण्ड्याएका छन् । युवाहरुले यसअघि पुस ९ गते संघका अध्यक्ष हरि गौतमलाई भेटेर नदीमा प्रदूषण गरिरहेका उद्योगहरूमाथि कारबाही नगरे चेतावनी दिएका थिए । ७२ घण्टाभित्र कारबाही नभए संघविरुद्ध आन्दोलन गर्ने चेतावनी दिइएको थियो । तर संघले कुनै पहल नगरेपछि शनिबार १० वटा बोत्तलमा फोहोर पानी भरेर संघको मुख्य गेटमा झुण्ड्याइएको अभियानका अगुवा किसु सर्राफले बताए । सर्राफका अनुसार, अध्यक्ष गौतमले यसअघि भनेका थिए कि नदीको सतह कालो देखिनुको कारण पानी फोहोर नभई मुनिको माटो हो, र संघले उद्योगहरूमाथि कारबाही




गर्ने अधिकार नराख्ने अभिव्यक्ति दिएका थिए । युवाहरूले अबको एक हप्ताभित्र पनि यदि उद्योगहरूमाथि कारबाही नभए उनीहरूले फोहोर पानी बोतलमा राखेर संघको कार्यालय परिसरमै खन्याउने चेतावनी दिएका छन् । सिर्सिया नदी वीरगन्ज शहरको जीवनरेखा मानिन्छ । तर पर्सा-बारामा रहेको औद्योगिक कोरिडोरका उद्योगहरूले दशकौँदेखि औद्योगिक फोहोर, रासायनिक प्रदूषण, विषाक्त ढल तथा अन्य हानिकारक पदार्थ नदीमा फाल्दै आएका छन् । युवाहरूले पुस ५ देखि स्वतस्फूर्त रूपमा आन्दोलन सुरु गरेका छन् । अभियानको पहिलो दिनमै उनले बोतलमा नदीको फोहोर राखेर जिल्ला प्रशासन कार्यालय र वीरगन्ज महानगरपालिकामा "सिर्सिया नदीको उपहार" भनेर बुझाएका थिए । यसबीच पर्साकी निवर्तमान प्रतिनिधि सभा सदस्य विना कुर्मी जयसवाललाई पनि बोतल उपहारस्वरूप दिएका थिए ।

## नीलगाईले खेतमा मच्चायो उत्पात, पर्साका किसान चिन्तित

**नेपाल पोष्ट संवदाता**

**बीरगन्ज,२६ पुस ।**

पर्सा जिल्लाका किसानहरू पछिल्लो समय घोडगधा (नीलगाई)को बढ्दो आतंकका कारण चिन्तित भएका छन् । नीलगाईले गहुँ, हरिया तरकारीलगायतका बालीमा चोरेर क्षति पुऱ्याउँदै आएको छ भने उखुबालीमा पनि व्यापक नोक्सान भइरहेको छ । पोखरिया नगरपालिका, कालिकामाई, छिपहरमाई, विन्ध्यवासिनी, जगरनाथपुर र जीराभवानी गाउँपालिकालगायतका क्षेत्रमा यो समस्या तीव्र रहेको किसानहरूले बताएका छन्। किसानहरूका अनुसार बिहान र बेलुकी खेतमा मानिस नभएको मौका छोपी नीलगाईहरू समूह बनाएर खेतमा प्रवेश गरी बाली चर्ने र खेतमा उत्पात मचाउने गरेका छन् । स्थानीय किसान गोरख महतोका अनुसार, "नीलगाई १५-२० वटासम्मको समूह बनाएर गहुँ, तरकारी तथा उखुबाली चर्छन् । दिनभर नदी किनार र उखुबारी क्षेत्रमा बस्ने यी जनावर बिहान र बेलुकी खेततर्फ आउँछन् । यसले उत्पादन घटाउँछ र किसानहरू निराश छन् ।" किसानहरूले बाली जोगाउन विभिन्न उपाय पनि अपनाइरहेका छन् । पछिल्लो समय खेतमा जडान गरिएको विद्युतीय साइरनले मानव आवाज जस्तो ध्वनि निकालेर नीलगाईहरूलाई खेततर्फ नआउने प्रभाव देखाएको छ । किसानहरू दीर्घकालीन समाधानका लागि सम्बन्धित निकायले ठोस योजना ल्याउनुपर्ने माग राखेका छन् ।

## धनुषामा आश्रम-स्थानीय झडप : १२ भन्दा बढी घाइते

**जनकपुर,२६ पुस ।**

धनुषाको मिथिला नगरपालिका-२, नक्टाझिज सुग्जोरस्थित सतलोक आश्रम र स्थानीयबासीबीच जमिन विवादका कारण हिंसात्मक झडप भएको छ । झडपमा दुबै पक्षका एक दर्जनभन्दा बढी व्यक्ति घाइते भएका छन् ।स्थानीय स्रोतका अनुसार, आश्रमले लामो समयदेखि ऐलानी जग्गा अनधिकृत रूपमा प्रयोग गर्दै आएको विषयमा विवाद चल्दै आएको थियो । जग्गा खाली गराउन पुगेका स्थानीय र आश्रमका अनुयायीबीच भनाभन चर्किँदा झडपमा परिणत भएको हो । आक्रोशित स्थानीयहरूले जनकपुर-ढल्केवर सडकखण्डअन्तर्गत महेन्द्रनगर-औरही पुल क्षेत्रमा सडक अवरुद्ध गर्दै नाराबाजी गरेका थिए । आश्रमका अनुयायीहरूले स्थानीयलाई लखेट्दै कुटपिट गरेपछि झडप थप उग्र बनेको बताइएको छ । स्थानीय प्रदर्शनकारीहरूले आश्रमबाट निस्केको एउटा एम्बुलेन्समा समेत तोडफोड गरेका थिए ।स्थानीय प्रशासनले स्थिति नियन्त्रणमा लिन ६ वटा सेल अश्रुग्यास प्रहार गरेको छ । घाइतेहरूलाई उपचारका लागि

बाँकी तेश्रो पृष्ठमा⇨

## माघ १ देखि पाँच लाखभन्दा माथिको नगद कारोबारमा रोक

**काठमाडौं,२६ पुस ।**

आगामी माघ १ गतेदेखि नगद कारोबारको अधिकतम सीमा पाँच लाख रुपैयाँ कायम हुने भएको छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका लागि जारी गरेको एकीकृत निर्देशनमार्फत उक्त व्यवस्था लागू गर्न लागिएको हो । नयाँ प्रावधानअनुसार पाँच लाख रुपैयाँभन्दा बढीको कुनै पनि भुक्तानी अनिवार्य रूपमा एकाउन्टपेयी चेक वा सम्बन्धित व्यक्तिको बैंक खातामार्फत मात्र गर्नुपर्नेछ । फर्म, कम्पनी, संस्था वा कार्यालयको नाममा काटिने चेकको भुक्तानी पनि एकाउन्टपेयी नै हुनुपर्ने व्यवस्था गरिएको छ । तर, प्राथमिकता प्राप्त पूर्वाधार आयोजना, जलविद्युत्, सडक, सञ्चारलगायत क्षेत्रमा कार्यरत कर्मचारी तथा श्रमिकको पारिश्रमिक र ज्याला भुक्तानीमा भने समस्या नपर्ने नेपाल राष्ट्र बैंकले स्पष्ट पारेको छ । यसैगरी विभिन्न आयोजनाका लागि आवश्यक मालसामान आपूर्ति, सरकारलाई बुझाउनुपर्ने राजश्व भुक्तानी, बिगो, धरौटी तथा जमानत रकम जम्मा, पेन्सन क्याम्पमार्फत पेन्सन वितरण, राहत तथा अनुदान वितरणमा पनि

बाँकी तेश्रो पृष्ठमा⇨

## सोनवर्षामा भव्य रक्तदान कार्यक्रम, २५ जनाको सहभागिता

**बीरगन्ज,२६ पुस ।**

पर्सा जिल्लाको पटेर्वा सुगौली गाउँपालिकास्थित सोनवर्षा स्वास्थ्य चौकीको प्राङ्गणमा शनिबार रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। सृजनशील शिक्षा विकास केन्द्र, पर्साको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा २५ जनाले स्वेच्छिक रूपमा रक्तदान गरेका छन् । जिल्लामा देखिँदै आएको रगतको अभावलाई मध्यनजर गर्दै स्थानीय युवाहरूको सक्रिय पहलमा कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रमलाई पटेर्वा सुगौली गाउँपालिका कार्यालयले विशेष सहयोग प्रदान गरेको थियो भने रक्त सञ्चार केन्द्र, वीरगञ्जले प्राविधिक सहयोग उपलब्ध गराएको थियो। मानवीय सेवाको उद्देश्यसहित सम्पन्न रक्तदान कार्यक्रममा सुलमान मिया दर्जी, प्रविन्द प्रसाद महतो, प्रमोद प्रसाद यादव, विनोद कुमार यादव, धिरज चौधरी, राजाबाबु

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### सरकारका भरोसायोग्य काम

नवयुवा (जेनजी) ले गरेको आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले छोटै अवधिमा भरोसायोग्य काम सुरु गरेको छ । आगामी फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन गराउने मुख्य कार्यभारसँगै मुलुकमा सुशासन र भ्रष्टाचार नियन्त्रण गर्न सरकारले प्रयास केन्द्रित गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले सुशासन र पारदर्शितालाई सरकारले कठोरतापूर्वक लागु गरेको बताउनुभएको छ । सुशासनका विषयमा आफू कटिबद्ध रहेको, सुशासन र पारदर्शिताको मामिलामा कहीँकतै सम्झौता नगरिने पनि उहाँले स्पष्ट पार्नुभएको छ । मन्त्रालयको जिम्मेवारी समालेको एक सय दिन पूरा भएको अवसरमा बुधबार पत्रकार सम्मेलन गरेर मन्त्री घिसिङले यो अवधिमा एक सय एक काम गरेको विवरण सार्वजनिक गर्नुभएको छ । उहाँले चुनाव सम्पन्न गर्नु सरकारको मुख्य कार्यभार भएकोमा जोड दिनुभएको छ । मन्त्री घिसिङले भन्नुभयो, “हामी जेनजी आन्दोलनबाट आएका छौँ । त्यसैले सुशासनका विषयलाई कुनै पनि बहानामा तलमाथि गर्न सक्दैनौँ ।” सरकार सुशासनका लागि कठोर रूपमा प्रस्तुत भएको छ । काम नगर्ने, ठगी खाने कर्मचारीलाई कारबाहीसमेत गरेको छ । मन्त्री घिसिङले तीन वटा मन्त्रालयको जिम्मेवारी समाल्नुभएको छ । उहाँले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत ३६ वटा, सहरी विकास मन्त्रालय अन्तर्गत ३४ वटा र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतका ३१ वटा उपलब्धि सार्वजनिक गर्नुभएको छ । एक सय दिन सुरुवात मात्र भएकाले अझै धेरै काम र सुधार गर्न बाँकी रहेको उल्लेख गर्दै मन्त्री घिसिङले आगामी दिनमा आफ्नो ध्यान बाँकी काम र सुधारतर्फ केन्द्रित हुने प्रस्टाउनुभएको छ । विगतमा नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक घिसिङले मुलुकमा व्याप्त १८ घण्टासम्मको लोडसेडिङ हटाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । अहोरात्र खटेर काम गर्नुभयो । त्यसका लागि उहाँले सबै क्षेत्रबाट स्याबासी पाउनुभयो । अहिले मन्त्री हुँदा पनि उहाँ अधिकांश समय ‘फिल्ड’ मै खटेर काम गरिरहनुभएको छ । उहाँले रुग्ण ठेक्का तोड्ने, बिजुली बक्यौता उठाउने, विपत् व्यवस्थापन, फोहोर व्यवस्थापन, आयोजनाको स्थलगत अनुगमन र विभिन्न आयोजनाका लागि ऋण सम्झौतालगायत काम गर्नुभएको छ । कसैको आलोचनाबाट नडराई, दबाबमा नझुकी र गलतसँग सम्झौता नगरी आफ्नो कर्तव्य पूरा गर्न उहाँ प्रतिबद्ध हुनुहुन्छ । जेनजी आन्दोलनको सुशासनसम्बन्धी मुख्य मागलाई उहाँले समालेका मन्त्रालयमा दृढताका साथ लागु गर्नुभएको छ । भाषणभन्दा काम र नतिजालाई प्राथमिकता दिनुभएको छ । मन्त्री घिसिङले एक सय दिनमा बन्चरेडाँडामा फोहोर विसर्जनका क्रममा स्थानीयबाट भएको अवरोध र देखिएको समस्याको सम्बोधन गर्नुभएको छ । मेलम्चीको खानेपानी वितरणमा स्थानीयबाट अवरोध हुँदा त्यसको समाधान गरिएको छ । तातोपानी-कोदारी सडक खुलाएर उत्तरी छिमेकी चीनसँगको नाका पुनः सञ्चालन गरिएको छ । बाढीपहिरोले क्षति पुर्‍याएको बिपी राजमार्गलाई समयमै अस्थायी रूपमा सञ्चालनमा ल्याई जनजीवन सहज बनेको छ । त्यसै गरी कोटेश्वर चोकको ट्राफिक व्यवस्थापन तथा यातायात सुधारका लागि प्रस्तावित सुरुङमार्ग निर्माणका लागि जापान सरकारसँग ३४ अर्ब ४९ करोड येन बराबर ऋण सम्झौता गरिएको छ । भौतिक मन्त्रालय अन्तर्गत ४० वटा रुग्ण ठेक्का तोडिएको छ । थप रुग्ण ठेक्का तोड्ने प्रक्रियामा छ । बाढीपहिरोबाट क्षतिग्रस्त बिपी राजमार्ग समयमै सञ्चालनमा ल्याई पुनर्निर्माण सुरु गरिएको छ । बुढीगण्डकी जलविद्युत् आयोजनाको ढाँचा (मोडालिटी) तयार गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाइएको छ । अपर अरुण जलविद्युत् आयोजनाको वित्तीय ढाँचा तयार भएको छ । भारत र बङ्गलादेशमा १९ अर्ब रुपियाँ बराबरको विद्युत् निर्यात गरिएको छ । नयाँ सरकार बनेपछि सरकारमा सहभागी मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्ने प्रचलन छ ।

यसलाई पनि एउटा पारदर्शितातर्फको कदमका रूपमा लिने गरिन्छ । सरकार गठन भएको एक सय दिन बितिसक्दा पनि सरकारका मन्त्रीहरूको सम्पत्ति विवरण किन सार्वजनिक भएन ? भन्ने जिज्ञासामा मन्त्री घिसिङले आफूले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाइसकेको जानकारी गराउनुभएको छ । उहाँले मन्त्री भएपछि दुई महिनाभित्रै आफूलगायत सबै मन्त्रीले मन्त्रीपरिषद्मा सम्पत्ति विवरण पेस गरेका स्पष्ट गर्नुभएको छ । उहाँले नयाँ राजनीतिक दल खोल्ने र नयाँ शक्ति मिलेर चुनावमा जाने सङ्केत गर्नुभएको छ । मुलुकका लागि अहिलेको परिवर्तन संस्थागत गर्न र चुनावपछिको सही नेतृत्व आउनका लागि सबैले आआफ्नो क्षेत्रबाट योगदान पुर्‍याउनुपर्ने अवस्था छ ।

## समृद्धिको सपनाभित्र गरिबीको गणित



**रत्न प्रजापति**

यतिखेर नेपाली जनता समृद्धिको सपना र अभावको यथार्थबीच दोसाँधमा बाँचिरहेका छन् । राज्यसत्ताले समृद्धिको सपना बाँड्दै आएको छ । जनता भने गरिबी र अभावको यथार्थ भोगिरहेका छन् । सरकारको नीति तथा कार्यक्रममा समृद्धिको सपना छ । आर्थिक वर्षको वार्षिक बजेटमा समृद्धिको सपना छ । सरकारका उच्च पदस्थहरूको भाषणमा समृद्धिको सपना छ ।

नेताका आश्वासनमा समृद्धिको सपना छ । तर जनता भने दैनन्दिन गरिबी र अभावले छटपटाइरहेका छन् । सरकारी तथ्यांकले नै भन्छ, देशका २०.३ प्रतिशत जनता गरिबीको रेखामुनिको जीवनयापन गरिरहेका छन् । त्यो गरिबीको रेखामुनिको जीवनयापन कति कष्टकर छ भन्ने कुरा गरिब जनतालाई बाहेक कसैलाई थाहा छैन । त्यसैले गरिबीको पीडाले असह्य भएर सामुहिक आत्महत्या गर्ने शृंखला चलिरहेकै छ र सामूहिक आत्महत्याको दर्दनाक समाचार पढेर मर्माहत भइरहनु परेको छ । गरिबीको रेखामुनि रहेका जनता भनेका झुपडीमा बस्ने नै हुन् । जो खोलेफाँडो पनि नियमित खान पाउँदैनन् । बिरामी परे ओखतीमुलो गर्न नसक्ने र अस्पतालको त कुरै छोडौं, नजिकको स्वास्थ्यचौकीसम्म पनि पुग्न नसक्ने जनता हुन् । तिनका छोराछोरीले विद्यालयको मुखसम्म पनि देख्न पाउँदैनन् । तिनले शिक्षा हासिल गर्न पाउँदैनन् । कुनै सीप सिक्न पाउँदैनन् । रोजगारीको कुनै अवसरका लागि प्रतिस्पर्धा गर्न सक्दैनन् । अनि बाबुजस्ता थिए त्यस्तै बन्छन् छोराछोरी पनि र भोग्छन् बाबुकै नियति । गरिबीको रेखामुनि बाँचेका जनतालाई प्रजातन्त्र के हो थाहा छैन । गणतन्त्र के हो थाहा छैन । लोकतन्त्र के हो थाहा छैन । यी कुनै पनि तन्त्रहरूले तिनको जीवनमा कुनै माने राख्दैनन् । यी त टाठाबाठाहरूको सुख र सुविधाका लागि ल्याइएका शासन पद्धतिमात्रै बनेका छन् । यी शासन पद्धतिले ती गरिबीको रेखामुनिको कष्टकर जीवनयापन गर्ने जनतालाई समेट्नै सकेको छैन । ती जनतालाई प्रजातन्त्र, गणतन्त्र र लोकतन्त्रका सुखद अनुभूति हुने काम राज्यसत्ताले गर्नै सकेको छैन । राज्यसत्ता हिजो सत्ता र शक्तिमा केन्द्रित थियो । राज्यसत्ता आज पनि सत्ता र शक्तिमै केन्द्रित छ । जेन–जी आन्दोलन त्यसै भएको होइन । शिक्षित किशोर र युवाको लहडले मात्रै भएको होइन, जेन–जी आन्दोलन । वर्षौंदेखिको राजनीतिक बेथिति, भ्रष्टाचार, कुशासन, अपारदर्शिता र जवाफदेहीविहीनताले जन्माएको निराशा, आक्रोश र विद्रोहको परिणाम हो, जेन–जी आन्दोलन । जुन आन्दोलनले परिवर्तन चाहेको थियो, त्यो राजनीतिक परिवर्तन प्राप्त गर्‍यो । भ्रष्ट राज्यसत्तालाई गलहत्यायो र जनपक्षीय लोकतन्त्र र जनपक्षीय शासन पद्धतिको सुरुवात गर्‍यो । अब आगामी निर्वाचनपछि बन्ने सरकारले जनपक्षीय काम गर्नेछ र गरिबीको रेखामुनि बाँचेका ती २०.३ प्रतिशत जनतालाई पनि साँच्चै देशमा जनपक्षीय लोकतन्त्र छ भन्ने महसुस गराउनेछ, गराउनु पर्नेछ । आम मतदाताले आगामी फागुन २१ हुने निर्वाचनपछि यही अपेक्षा गरेका छन् । ‘समृद्ध नेपाल, सुखी नेपाली ।’ कति मिठो छ यो नारा । तर नाराले मात्रै देश समृद्ध बनेन र नेपाली सुखी पनि भएनन् । किनभने सुख र समृद्धि ल्याउने काम कुनै सरकारले गर्नै सकेन । कुनै नेताहरूले त्यो समृद्धि र सुख आउने काम गर्नै चाहेनन् । व्यक्तिगत र दलगत स्वार्थले परिचालित हुँदै आएको नेतृत्व र उस्तै कर्मचारीतन्त्रले गर्दा देशमा भ्रष्टाचार र कुशासनले प्रश्रय पाउँदै आयो । समृद्धिका नीति, कार्यक्रम र योजनाहरू कागजी दस्तावेज, सरकारी उच्च पदस्थहरूको भाषण र नेताहरूको आश्वासनमै सीमित रहँदै आयो । अनि झन्डै एक चौथाइ जनताले भोग्नुपर्‍यो, चरम गरिबी र अभाव । अनि त्यही गरिबी र अभावले दिएको पीडा सहेर बाँच्नुपर्‍यो, गरिब जनताले । जनता गरिबी र अभावमा बाँचिरहेका छन् । भोकमरी खेपिरहेका छन् । तथ्यांकले देश गम्भीर भोकमरीको स्थितिबाट मध्यम भोकमरीको स्थितिमा पुगेको देखाए पनि भोकमरी त भोकमरी नै हो । भोकमरी अन्त्यका योजना र कार्यक्रमलाई न्यून प्राथमिकतामा राखेर राज्यसत्ता चाहिँ विकासको मृगतृष्णा साँचेर ठूल्ठूला भौतिक पूर्वाधार निर्माणमा जुटेको छ । ठूलो परिमाणमा विदेशी ऋण र दान ल्याएर भौतिक संरचना निर्माणमा खन्याइरहेको छ र तिनै भोकमरी पीडित जनताको टाउकोमा ऋणको भारी बोकाइरहेको छ । पहिला जनतालाई गरिबी, अभाव र भोकमरीबाट मुक्त गर्ने कि ठूल्ठूला भौतिक संरचना निर्माण गरेर विकासको साक्षी उभ्याउने ? भोकमरीबाट पीडित जनताका ख्याउटे र मलिन अनुहारमा विकास प्रतिविम्बित भएको हेर्ने राज्यसत्ताको सपना जायज हो कि नाजायज ? विकास पहिला कि गरिबी र भोकमरी अन्त्य पहिला ? अब राज्यसत्ताले पहिला यी दुई कुरामा प्राथमिकता निर्धारण गर्न सक्नुपर्छ । समृद्धि सपना हो, तर गरिबी, अभाव र भोकमरी त यथार्थ हो । सपनामा बाँच्नु र यथार्थमा बाँच्नुमा अन्तर छ । सपनामा बाँच्नु रोमाञ्चक होला, तर गरिबी, अभाव र भोकमरीको यथार्थमा बाँच्नु निकै कष्टपूर्ण हुन्छ । त्यसैले राज्यले

बाँकी तेश्रो पृष्ठमा⇨

## राजनीतिक एकता कि ए... कता ?

**सञ्जीव कार्की**

अब कस्तो ‘रसायन’ चाहिन्छ ? नेपालको राजनीतिक इतिहास दलहरूको विभाजन, पुनर्एकीकरण र फेरि विघटनको शृंखलाले भरिएको छ । विशेषत : नयाँ र वैकल्पिक भनिने दलहरूबीच ‘एकता’को नारा बारम्बार उठ्छ, तर व्यवहारमा ती एकता टिकाउ हुन सकेका छैनन् । प्रश्न अब केवल एकता गर्ने कि नगर्ने होइन, प्रश्न हो । कस्तो आधारमा एकता गर्ने ? हतारमा एकता घोषणा गरेर कतै एकता दुर्घटनामा त पर्दैन ? भर्खरै एकता प्रक्रियामा गएका रास्वपा उज्यालो नेपाल र बालेन समूहले अपनाउनुपर्ने केही व्यावहारिक, संस्कारजन्य र सैद्धान्तिक उपायहरूबारे आजको विमर्श केन्द्रित छ । **विगतमा दलहरूको एकता किन टिक्न सकेन ?** विगतका एकताहरू असफल हुनुका मुख्य कारण भनेका संरचनागत, वैचारिक, व्यावहारिक र संस्कारगत खोटहरू हुन् । एकता आफ्ना लागि, सानो स्वार्थ समूहका लागि कि देशका लागि मूल प्रश्न यही हो । सत्ता-केन्द्रित एकता अधिकांश एकता निर्वाचन गणित, संसद्को अंकगणित वा सरकारमा पुग्ने सर्टकटका लागि गरिए । सत्ता साझा गर्ने सहमति भयो, तर विचार साझा गर्ने श्रम गरिएन ।

वैचारिक अस्पष्टता- एकीकृत दलभित्र समाजवाद, उदारवाद, राष्ट्रवाद, क्रान्ति र सुधार सबै मिसिए तर कुन मूल दर्शन हो भन्ने स्पष्ट भएन । परिणामत : संकट पर्दा निर्णय लिने साझा बिन्दु रहेन । फरक फरक धार र ‘स्कुल अफ थट’बाट आएकाहरूको समायोजन हुने एकीकृत ढाँचा तयार गरिएन मनोगत र व्यक्तिपरक विश्लेषणमा नीति दर्शन र कार्ययोजनाको व्याख्या गरियो । अलमल चिर्ने वैचारिक आरन निर्माण भएन । व्यक्तिकेन्द्रित नेतृत्व- विगतमा पनि दलहरू पटकपटक एक भए तर एकतालाई अपवाद बाहेक दीर्घकालीनरूपमा टिकाउन सकेनन् । दल एक भए, तर नेतृत्व एक भएनन् । अध्यक्ष, सहअध्यक्ष, महासचिवदेखि केन्द्रीय सदस्य हुँदै विभिन्न तह र तप्काको सन्तुलन मिलाइयो तर सांस्कृतिक अहंकार मिलेन । आफ्नो समूह र गुटको हित हेरियो- समग्र कार्यकर्ता र देशको भावना र चाहना विचार गरिएन । एकै व्यक्तिलाई सर्वेश्वरवादको सिद्धान्तअनुसार आआफ्नो समूहले प्रस्तुत गर्‍यो । यसर्थ, व्यक्तिकेन्द्रित नेतृत्व भयो, सामूहिक नेतृत्वको अभ्यास गौण बन्यो । आन्तरिक लोकतन्त्रको अभाव- दलहरूको एकतापछि पनि निर्णय शीर्ष तहमा सीमित रह्यो । कार्यकर्ता र आधार पंक्तिले आफूलाई ‘मालिक’ होइन, ‘आदेश पालक’ मात्र ठाने । कार्यकर्ताको भावना एकातिर नेताको निर्देशन र फरमान अर्कोतिर रह्यो । मालिक र आज्ञाकारी सिपाहीको रूपमा मात्र कार्यकर्तालाई सीमित गरियो जब कि लोकतन्त्रमा कार्यकर्ता प्रश्न गर्न, विमति राख्न र आफ्नो स्वतन्त्रता प्रयोग गर्न पाउनुपर्छ त्यसो भएन । आन्तरिक लोकतन्त्र कमजोर भएको दल एकीकृत रहिरहने सम्भवना कम हुन्छ । सामाजिक सवालको उपेक्षा- दलित, महिला, मधेसी, जनजाति, युवा, अल्पसंख्यक यी सबैलाई एकतामा संख्याका रूपमा हेरियो, राजनीतिक साझेदारका रूपमा बुझिएन । ६० लाख दलितको विषय आजसम्म राष्ट्रको लाजको विषय बन्न सकेको छैन । दलितको मुद्दा अन्तर्राष्ट्रिय मानवअधिकार घोषणापत्र-१९४८ को विषय बनाउन आज पनि दलहरू चुकेका र हिच्किचएका देखिन्छन् । महिलाको सवाल र मधेसीको विषय अल्पसंख्यक समुदायको अवस्था र जनजातिगत पहिचानको मुद्दामा सबै किसिमका दलको नीतिमा तात्विक भिन्नता देखिएको छैन । यी तमाम विषय पनि पार्टी विघटन हुने आधार हुन् । एकता संख्या होइन, संस्कार हो । नयाँ र वैकल्पिक दलहरूको एकता इतिहासको आवश्यकता हो । तर यो कार्य हतारको प्रयोगशालाको परीक्षण बन्नु हुँदैन । एकता टिक्न विचार, लक्ष्य, योजना र संस्कार सबै मिसिनुपर्छ । नयाँ र वैकल्पिक दलहरूका लागि दिगो एकताका आधार तत्त्वहरू विश्वास नै एकताको पहिलो आधार र खुड्किला हो, किनकि विश्वासबिना कुनै सम्बन्ध, समूह वा आन्दोलन दिगो बन्न सक्दैन । जब मान्छेले एकअर्काको नियत, प्रतिबद्धता र इमानदारीमा भरोसा गर्छन्, तब मात्र सहकार्य सम्भव हुन्छ । यही भरोसाले डर, शंका र स्वार्थभन्दा माथि उठेर साझा उद्देश्यतर्फ, देशको सर्वाङ्गीण हिततर्फ अघि बढ्न हौसला दिन्छ । त्यसैले एकता अचानक पैदा हुँदैन । यो विश्वासको सानो खुड्किलाबाट सुरु भएर निरन्तर अभ्यास र जिम्मेवारीबाट मजबुत बन्दै जान्छ । अबको एकता पुराना गल्तीको पुनरावृत्ति हुनु हुँदैन । दिगो एकताका कम्तीमा यी आधार अनिवार्य छन् । साझा विचार र दर्शन- एकता अघि स्पष्ट उत्तर हुनुपर्छ । राज्य कस्तो बनाउने ? बजार र राज्यको सम्बन्ध के ? समावेशिता कोटा हो कि सत्ता साझेदारी ? यदि न्यूनतम साझा दर्शन तय भएन भने एकता केवल संगठनात्मक छल हो । जनतालाई सत्ता प्राप्तिका लागि देखाउने सपनाको भुलभुलैया हो । लक्ष्यको स्पष्टता- पुराना दललाई जसरी पनि विस्थापन गर्ने मात्र लक्ष्य होइन । नयाँ दलको लक्ष्य स्पष्ट र मानक रूपमा यसरी आउनुपर्छ । शासन प्रणाली सुधार कि संरचना परिवर्तन ? प्रतिनिधित्व सुधार कि शक्ति पुनर्वितरण ? लक्ष्य अस्पष्ट भए एकता दिशाहीन हुन्छ । जनताको स्थिर राजनीति र सुशासन देख्ने सपनाको पछिल्लो कडीको बन्ध्याकरण हुनेछ । योजना र रोडम्याप- एकता घोषणापत्रमा सीमित होइन, कार्ययोजनामा आधारित हुनुपर्छ : १ वर्ष, ५ वर्ष, १० वर्षको स्पष्ट योजना देखाउनुपर्छ । जुन योजना धरातलीय यथार्थ भौगोलिक अवस्थिति, भूराजनीतिको अवस्था, अन्तर्राष्ट्रिय आर्थिक, कूटनीतिक र सामाजिक स्वरूपको अध्ययन विश्लेषणमा आधारित नेपाली क्षमतामा विश्वासयोग्य हुनुपर्छ ।

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## जापानी प्रधानमन्त्री मध्यावधि निर्वाचन गर्ने तयारीमा



***काठमाडौं, २६ पुस ।***

जापानका प्रधानमन्त्री साने ताकाइचीले जापान सरकारप्रति जनसमर्थन बढाउन आगामी साताहरूमा आम निर्वाचन गराउने विचार गरिरहेको शनिबार केही जापानी सञ्चारमाध्यमले आफ्नो समाचारमा जनाएका छन् । गत अक्टोबरमा जापानको पहिलो महिला प्रधानमन्त्रीमा नियुक्त भएकी ताकाइचीको मन्त्रिपरिषद्ले करिब ७० प्रतिशत अनुमोदन प्राप्त गरेको छ । उनको सत्तारूढ समूहसँग संसद्को शक्तिशाली तल्लो सदनमा झिनो बहुमत मात्र छ, जसले उनको महत्वाकाङ्क्षी नीति र एजेन्डालाई अगाडि बढाउने क्षमतामा बाधा पुर्‍याएको छ । योमिउरी र माइनिची दैनिक पत्रिकाले नाम नखुलाइएका सरकारी स्रोतलाई उद्धृत गर्दै लेखेका छन्, “उहाँले जनवरी २३ मा संसदको सत्रको सुरुमा तल्लो सदन विघटन गर्ने विचार गरिरहनुभएको छ ।” यसको अर्थ निर्वाचन फेब्रुअरीको सुरूदेखि मध्यसम्म हुने सम्भावना रहेको योमिउरीले जनाएको छ । “ताकाइचीको प्रशासनका केही व्यक्तिहरूले ‘आफ्नो जग बलियो बनाउनका लागि समर्थन दर उच्च रहेको बेला संसद् चाँडै विघटन गर्न अघि बढ्नु पर्छ भन्ने धारणा राख्छन्,” माइनिचीले लेखेको छ । ताकाइची सुरुमा अल्पमतको सरकारको प्रमुखको रूपमा जापानको पाँचौ प्रधानमन्त्री बनेकी थिइन् । उनको लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) र यसको गठबन्धन साझेदार जापान इनोभेसन पार्टीले नोभेम्बरमा तीन सांसदहरू एलडिपीमा सामेल भएपछि आफ्नो तल्लो सदनको बहुमत पुनः प्राप्त गरेका छन् । माथिल्लो सदनमा सत्तारूढ समूह अल्पमतमा छ । “प्रधानमन्त्री ताकाइचीलाई भारी बहुमतले आफूलाई अधिक ‘सक्रिय’ वित्तीय खर्च र बलियो खुफिया क्षमताको एजेन्डा कार्यान्वयन गर्न मद्दत गर्नेछ,” योमिउरीले लेखेको छ । पत्रिकाका अनुसार यसले ताकाइचीलाई चीनसँगको विवादमा गतिरोध तोड्न पनि मद्दत गर्न सक्छ । ताकाइचीले नोभेम्बरमा चीनले ताइवानमा आक्रमण गरेमा जापानले सैन्य हस्तक्षेप गर्न सक्ने सुझाव दिएपछि सम्बन्ध बिग्रिएको छ । बेइजिङले सम्भावित सैन्य क्षेत्रमा प्रयोग हुने र ‘दोहोरो प्रयोग’ हुने सामानहरूको जापानमा निर्यातमा व्यापक प्रतिबन्ध लगाउने घोषणा गरेको छ र कथित रूपमा इलेक्ट्रिक कारदेखि मिसाइलसम्म सबै चीजहरू बनाउनको लागि महत्त्वपूर्ण दुर्लभ खनिज उत्पादनहरूको निर्यातलाई रोकिरहेको छ । गत महिना ताकाइचीले समस्या फुकाउनका लागि आफू चीनसँग वार्ताका लागि ‘सधैं खुला’ रहेको बताएकी थिइन् ।

## ट्रम्पमाथि खामेनीको चेतावनी : तानाशाह र घमण्डी शासकको एकदिन अन्त्य हुनेछ



***काठमाडौं, २६ पुस ।***

इरानका सर्वोच्च नेता आयतुल्लाह अली खामेनीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई विश्वका तानाशाह र घमण्डी शासकहरूसँग तुलना गर्दै कडा चेतावनी दिएका छन् । सामाजिक सञ्जाल एक्समा लगातार पोस्ट गर्दै उनले ट्रम्पमाथि कडा प्रहार गरेका हुन् । खामेनीले भनेका छन्- ‘पूरै दुनियाँबारे घमण्डका साथ निर्णय गर्ने अमेरिकी राष्ट्रपतिले इतिहास सम्झिनुपर्छ । फिरौन, निमरूद, मोहम्मद रेजा पहलवीजस्ता तानाशाहहरू आफ्नो घमण्ड चरममा पुगेकै बेला पतन भए । ट्रम्पको पनि अन्त्य त्यही हुनेछ ।’ उनले इरान अहिले क्रान्तिअघि भन्दा धेरै बलियो रहेको दाबी गर्दै अमेरिका अझै पनि इरानलाई बुझ्न असफल भएको बताएका छन् ।

‘आज इरान सैन्य र आध्यात्मिक रूपमा विगतको तुलनामा धेरै सशक्त छ । हाम्रो शक्ति र क्षमतालाई पुरानो इरानसँग तुलना गर्न सकिँदैन’, खामेनीले लेखेका छन् । लाखौं सम्मानित नागरिकको बलिदानबाट बनेको इरान कुनै पनि ‘विध्वंस मच्चाउने शक्ति’ सामु नझुक्ने अडान पनि उनले लिएका छन् । उनले हालैको १२ दिने युद्धको प्रसंग उठाउँदै एक हजारभन्दा बढी इरानी नागरिक मारिएको र त्यसको आदेश ट्रम्प स्वयंले दिएको दाबी गरेका छन् । ‘अमेरिकी राष्ट्रपतिले आफैं आदेश दिएको स्वीकार गरेका छन् । यसको अर्थ इरानीहरूको रगत उनको हातमा छ ।

तर अहिले उनी इरानी जनताको पक्षमा भएको नाटक गरिरहेका छन्’, उनले टिप्पणी गरेका छन् । खामेनीले भेनेजुएलाको घटनालाई उदाहरण दिँदै ट्रम्पमाथि आक्रमण गरेका छन् । उनले लेखेका छन्, ‘ल्याटिन अमेरिकाको एक देशलाई कसरी घेराबन्दी गरियो, सबैले देखिरहेका छन् । उनीहरू खुलेआम भन्छन्, यो तेलका लागि थियो ।

## पाकिस्तानी रक्षा मन्त्रीले भने- अमेरिकाले नेतन्याहूलाई पनि “अपहरण” गरेर मुद्दा चलाउनु पर्छ

***काठमाडौं, २६ पुस ।***

पाकिस्तानका रक्षा मन्त्री ख्वाजा मोहम्मद असिफले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूलाई लिएर विवादित बयान दिएका छन् । एक टेलिभिजन अन्तर्वार्तामा असिफले संयुक्त राज्य अमेरिका र टर्कीलाई नेतन्याहूलाई ‘अपहरण’ गरेर अदालतमा ल्याउनुपर्ने सुझाव दिएका छन् । उनको यो भनाइले अन्तर्राष्ट्रिय स्तरमा नयाँ विवाद सिर्जना गरेको छ । अन्तर्वार्तामा असिफले नेतन्याहूलाई ‘मानवताको सबैभन्दा ठूलो अपराधी’को संज्ञा दिए । गाजा क्षेत्रमा प्यालेस्टिनिहरूमाथि भएका कथित क्रूरताहरू इतिहासमै अक्षम्य रहेको बताएका छन् । ‘अमेरिका मानवताको पक्षमा हो भने नेतन्याहूलाई अपहरण गरी कुनै अदालतमा मुद्दा चलाउनुपर्छ’, उनले भने । उनले हालै अमेरिकाद्वारा भेनेजुएलाका राष्ट्रपतिलाई नियन्त्रणमा लिई सुनवाईका लागि न्यूयोर्क ल्याइएको घटनाको उदाहरण पनि दिएका छन् । यदि त्यस्तो सम्भव छ भने नेतन्याहूसँग पनि त्यही व्यवहार हुनुपर्ने उनले जोड दिएका छन् । अन्तर्वार्ताको क्रममा असिफले टर्कीले पनि नेतन्याहूलाई समात्न सक्ने सुझाव दिएका थिए । ‘पाकिस्तानीहरू त्यसका लागि प्रार्थना गरिरहेका छन्’, उनले थपे । उनले अन्तर्राष्ट्रिय आपराधिक अदालत (आईसीसी) द्वारा नेतन्याहूविरुद्ध जारी गिरफ्तार वारन्टलाई समेत उद्धृत गरे । पाकिस्तानी अधिकारीबाट आएको यस किसिमको खुला अपीललाई असाधारण मानिएको छ । यसले पाकिस्तान र इजरायलबीचको तनावपूर्ण कूटनीतिक सम्बन्धलाई थप जटिल बनाउने आशंका बढाएको छ । हालसम्म यसबारे अमेरिका र इजरायल सरकारबाट औपचारिक प्रतिक्रिया आएको छैन ।

## समृद्धिको सपनाभित्र..

नीति निर्माण गर्दा अथवा योजना तर्जुमा गर्दा सपना र यथार्थबीचको विरोधाभास कम गर्ने प्रयत्न गर्नुपर्छ । समृद्धिको सपना देख्दै गर्दा गरिबीको गणितलाई भुल्नु हुँदैन । दूरदराजका जनताले नुनका लागि सकस भोगिरहँदा सरकारले सुनको कुरा गर्न थाल्यो भने जनताले सिटामोल र जीवनजल मागिरहँदा सरकारले प्लाइओभर र मेट्रोरेलको कुरा गर्‍यो भने सपना र यथार्थको दूरी अझै बढ्दै जान्छ । औद्योगिकीकरण र निर्यातका ठूल्ठूला कुरा गर्ने तर देशको अपार आर्थिक सम्भावना बोकेको कृषिलाई उपेक्षा गरिरहने हो भने कसरी हुन्छ खाद्यान्न उत्पादन वृद्धि ? अनि कसरी बढ्छ खाद्य सञ्चय र कसरी हुन्छ खाद्य सम्प्रभुताको सुनिश्चितता ? खाद्यान्न उत्पादन वृद्धि र खाद्यान्न सञ्चितिमा नै वृद्धि नभए संविधानप्रदत्त खाद्यसम्प्रभुता सुनिश्चित हुनै सक्दैन । आन्तरिक उत्पादनको न्यूनताले कृषि तथा पशुपन्छी मन्त्रालय, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रको पछिल्लो तथ्यांकअनुसार अहिले पनि देशका २२ जिल्लाको खाद्य वासलात ऋणात्मक छ अर्थात् त्यहाँ खाद्यान्नको अभाव छ । आयातित खाद्यान्नले जनताको भोक मेट्नुपर्ने अवस्था छ । आर्थिक वर्ष २०८१/०८२ मात्रै ६० अर्ब ७८ करोडभन्दा बढीको खाद्यान्न आयात भयो । धान-चामलमात्रै ४० अर्ब १९ करोडको आयात भयो । यस्तो अवस्थामा निर्यात होइन, कृषिलाई प्राथमिकतामा राखेर खाद्यान्न उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन मात्रै गर्नसके पनि वैदेशिक व्यापारघाटा न्यून भई अर्थतन्त्रमा ठूलो टेवा पुग्नेछ । साभार अन्नपूर्ण पोस्ट ।

## राजनीतिक एकता........

सत्ता बाहिर हुँदा के गर्ने ? सत्ता भित्र हुँदा के नगर्ने ? स्पष्ट रोडम्याप आवश्यक हुन्छ । संगठनात्मक न्याय- एकता भनेको ठूलो दलमा सानो मिसिनु’, विलय हुनु, आत्मसमर्पण गर्नु पक्कै होइन । जहाँ सबै तह र तप्काले पछि मिसिने र पहिलेदेखि रहेकाबीच आग्रह पूर्वाग्रह पुराना र नयाँ कुनै रेखा र संकेत नराखी नेतृत्व चयनमा प्रतिस्पर्धा, उम्मेदवार छनोटमा मापदण्ड, आन्तरिक असहमतिको सम्मानलाई स्थान दिने वातावरण निर्माण हुनुपर्दछ । सामाजिक सञ्जाल- सडक जनआवाजको प्रत्यक्ष अभिव्यक्ति हो ।

यहाँ जनता आफैं सक्रिय भएर अन्याय, असन्तोष र अपेक्षालाई देखिने रूपमा प्रस्तुत गर्छन् । सञ्जाल (सोसल मिडिया, वैकल्पिक मिडिया) विचार फैलाउने, बहस सिर्जना गर्ने र सचेतना बढाउने माध्यम हो, जसले छोटो समयमै ठूलो जनसमूहलाई जोड्न सक्छ । जनभावना भने यी दुवैको आत्मा हो । साभार अन्नपूर्ण पोस्ट ।

## सोनवर्षामा भव्य........

चौधरी, दिलसाद आलम, रमेश साह, ज्वाला गिरी, मुना तिवारी, राधेश्याम मुखिया, रेयाज खानलगायत २५ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा स्थानीय जनप्रतिनिधि तथा कर्मचारीहरूको उल्लेख्य सहभागिता रहेको थियो । वडा अध्यक्षद्वय माधव प्रसाद राउत थारु र फारम मिया अन्सारी अतिथिका रूपमा उपस्थित थिए ।

## माघ १ देखि..................

यो व्यवस्थाले बाधा नपार्ने केन्द्रीय बैंकको भनाइ छ । विप्रेषण कम्पनी तथा एजेन्टहरूले सेवाग्राहीलाई रकम भुक्तानी गर्न र बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यसँग दैनिक नगद कारोबार गर्न सक्नेछन् ।

सरकारले यसअघि नै मङ्सिर १५ गते नगद कारोबारको सीमा पाँच लाखमा सीमित गर्ने निर्णय गरेको थियो । अर्थ मन्त्रालयले सोसम्बन्धी व्यवस्था बिहीबार राजपत्रमा प्रकाशित गरेसँगै यो निर्णय कार्यान्वयनमा आउन लागेको हो ।

## धनुषामा आश्रम...........

जानकी मेडिकल कलेज र प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ । प्रहरीले घटनाबारे आवश्यक अनुसन्धान अघि बढाएको जानकारी दिएको छ ।

# स्वास्थ्य

## सुत्केरी व्यथा लागेको कसरी थाहा पाउने ?




गर्भ रहेको ४० सातापछि गर्भावस्थाको अवधि करिब-करिब पूरा हुन्छ । यसपछि कतिबेला प्रसव व्यथा सुरु हुन्छ पत्तो हुँदैन । कहिलेकाहीं चिकित्सकले दिएको मितिमै प्रसव नभई केही दिन ढिलो वा छिटो पनि हुनसक्छ । यस्तोमा केही शंकास्पद असामान्य लक्षण देखियो भने सतर्क हुनैपर्छ । किनकि ती लक्षण व्यथा लाग्नुपूर्वको सङ्केत हुनसक्छ । केही असामान्य सङ्केत देखिए तुरुन्त अस्पताल जानुपर्छ । **के कस्ता सङ्केत देखिन्छ ?** गर्भावस्थाको नौ महिने अवधिभर नै थकान महसुस भइरहन्छ । तर व्यथा लागेको खण्डमा थकाइ थप बढ्छ, पूरा शरीर कुनै भारले थिचेको अनुभव हुन्छ । यदि गर्भावस्थाको महिना अवधि सकिन लाग्दा थकाइ अनुभव हुन थाल्नु व्यथा लागेको बुझ्नुपर्छ । **आँखा धमिलो हुनु र टाउको दुख्नु** कसैलाई मिति आउने समयमा व्यथा लाग्ने बेला आँखा धमिलो वा टाउको दुखाइ हुनसक्छ । यो सबैलाई नभई त्यो समयमा रक्तचाप बढेमा रक्तचापको परीक्षण गर्नुपर्छ । रक्तचापको परीक्षण गर्दा तीन पटकसम्म पनि १४०/९० भन्दा बढी आएमा तुरुन्त अस्पताल जानुपर्छ । यो व्यथा लागेको संकेतका साथै आकस्मिक भर्ना हुनुपर्ने बेला पनि हो । **तल्लो पेट दुख्नु** तल्लो पेट दुखाइ तीव्र रूपमा बढ्दै जान्छ । पेट पनि ढुङ्गा जत्तिकै साह्रो हुन थाल्छ । पहिला मन्द दुखाइ केही सेकेन्ड हुने र हराए जस्तो हुन्छ । त्यो पहिलो मन्द दुखा दोस्रो चरणमा पुग्दा कडा हुँदै जान्छ । केही मिनेट हुँदै दुखाइको अवधि लम्बिन थाल्छ । यस्तोमा कुनै औषधि खाएर पनि निको हुँदैन । मिति पुगेको खण्डमा व्यथा लागेको बुझिन्छ । **रगत मिश्रित योनीस्राव** तीव्र पेट दुखाइसँगै योनीबाट हल्का रगत मिश्रित श्राव बग्न थालेमा पनि व्यथा सुरु भएको सङ्केत हो । रगत बग्नु भनेको गर्भाशयबाट शिशु जन्मिन तयार छ भन्ने सङ्केत पनि हो । **पानी फुट्ने** दुखाइ वा बस्न र उठ्न समस्या छैन । तर योनीबाट चौलानी जस्तो स्राव बग्न थाल्यो भने शिशु वरिपरिको थैलो फुटेको अवस्था पनि व्यथा लागेको सङ्केत हो । **तल्लो ढाड दुख्नु** शरीर प्रसवका लागि तयार हुँदा महिलालाई प्रायः पेटको तल्लो भागमा दुखाइ हुन थाल्छ । कहिलेकाहीं यो दुखाइ धेरै तीव्र हुन्छ । सुत्केरीको पीडा सुरु हुनुभन्दा केही समयअघि ढाड दुख्ने गर्छ । यो पीडा आउने र जाने भइराख्छ । यदि योनीस्रावको साथै ढाड दुख्ने समस्या छ भने शरीर छिट्टै प्रसवका लागि तयार भएको बुझिन्छ । **पखाला लाग्ने** व्यथा लाग्नुपूर्व पखाला चल्न सक्छ । वास्तवमा यो समय महिलाको हड्डी तथा जोर्नीहरु लचिलो हुन्छ । आराम गराउने हर्मोनको वृद्धिले शरीर पहिलेको भन्दा लचिलो हुन्छ । यो हर्मोनले प्रभाव पाचनमा पार्ने भएकाले पखाला लाग्न सक्छ । यी सङ्केत देखिएको छ भने तुरुन्त अस्पताल जानुपर्छ । त्यस्तै, शिशु दिनमा आठ पटकभन्दा कम चले पनि एकपटक चिकित्सकलाई भेट्नैपर्छ । **बेचैन हुने** कुन ठाँउमा दुखेको ठ्याक्कै थाहा नहुने तर छटपट भइरहन्छ भने पनि व्यथा लागेको सङ्केत हुनसक्छ । **सङ्केत नदेखिए पनि अस्पताल जानुपर्छ** प्रसवको मिति नजिकिँदै छ वा मिति नाघिसक्यो तर व्यथा लागेको कुनै सङ्केत देखिएको छैन भने ढुक्कसँग बस्नु हुँदैन । कुनै सङ्केत नदेखिए पनि चिकित्सकसँग समय लिएर अस्पताल भर्ना बस्नुपर्छ । प्रसव हुनुपर्ने मितिभन्दा समय बढी कटेमा गर्भेशिशुले आफ्नो दिसा खानेदेखि अन्य जटिलता आउन सक्ने हुँदा प्रसव गराउनैपर्ने हुन्छ । त्यसका लागि चिकित्सकले स्वास्थ्य अवस्था परीक्षण गरी व्यथा चल्ने औषधि चलाउन सक्छन् ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निर्माण कार्य गरौं ।

परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।

करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# १२ दिनमै भाँडियो कुलमान-रास्वपा सहमति, एकता प्रक्रिया स्थगित



**काठमाडौं,२६ पुस ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र उज्यालो नेपाल पार्टीका संरक्षक कुलमान घिसिङबीच भएको एकता सहमति १२ दिनमै भाँडिएको छ । रास्वपाको उपसभापति बनेर आगामी निर्वाचनमा सहभागी हुने तयारीमा रहेका घिसिङले पुस १४ मा भएको सहमतिविपरीत अतिरिक्त माग राखेपछि एकता प्रक्रिया अघि बढ्न नसकेको रास्वपा स्रोतले जनाएको छ । एकताका लागि ठोस सहमति खोज्ने उद्देश्यले घिसिङ र रास्वपा सभापति रवि लामिछानेबीच शुक्रबार र शनिबार छलफल भएको थियो । छलफलका क्रममा घिसिङले पार्टीको सिद्धान्त परिवर्तन गर्नुपर्ने, वरिष्ठ उपसभापति र महामन्त्री पद आफ्नो पक्षलाई दिनुपर्ने, पार्टीको नाम परिवर्तन गर्नुपर्ने तथा आफ्ना पक्षका ३० जनालाई केन्द्रीय सदस्य बनाइनुपर्ने प्रस्ताव राखेको रास्वपाका एक नेताले बताए । त्यस्तै, प्रत्यक्ष निर्वाचनका उम्मेदवार संख्या आफ्नो पक्षले तय गर्न पाउनुपर्ने, उम्मेदवार चयन गर्ने अधिकार आफूले पाउनुपर्ने र निर्वाचनपछि बन्ने सरकारमा आफ्ना पक्षका लागि निश्चित पदहरू अहिले नै सुनिश्चित गर्नुपर्ने माग राखेपछि सहमति सम्भव नभएको रास्वपाको भनाइ छ । यस विषयमा घिसिङ र उनका पक्षका नेताहरूसँग प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन सकेन । रास्वपा प्रवक्ता मनीष झाले भने हाललाई एकता सम्भव नभएको स्पष्ट पारे । "भविष्यमा सहकार्यको सम्भावना खुलै राखेर अगाडि बढेका छौं, तर अहिलेका लागि एकता सम्भव भएन," झाले भने, "अहिले नै उम्मेदवार संख्या तोक्ने वा उम्मेदवार चयनको अधिकार दिने कुरा लोकतान्त्रिक पार्टीका रूपमा सम्भव थिएन । पार्टीको सिद्धान्त र नाम परिवर्तनको माग पनि स्वीकार्य भएन ।"

घिसिङ समानुपातिक सूचीमा आफ्ना १८ जनाको नाम बुझाए पनि १४ जना मात्र समावेश गरिएको र उनीहरूको क्रम पछाडि पारिएको भन्दै असन्तुष्ट थिए । उनले कम्तीमा २० केन्द्रीय सदस्य माग गरे पनि रास्वपाले ८ देखि १२ जनासम्म मात्र दिन सकिने बताएको थियो ।

उज्यालो नेपाल र रास्वपाबीच पुस १४ मा समानुपातिक सूची बुझाउने अन्तिम दिन ७ बुँदे एकता सहमति घोषणा गरिएको थियो । तर सहमति कार्यान्वयन नभएको भन्दै घिसिङले आफू कुनै पार्टीको साधारण सदस्यसमेत नरहेको अभिव्यक्ति दिँदै आएका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ तथा भौतिक पूर्वाधार मन्त्रीसमेत रहेका घिसिङले बुधबार साँझ बालुवाटार पुगेर प्रधानमन्त्री सुशीला कार्कीसमक्ष राजीनामा बुझाएका थिए । त्यस क्रममा उनले उज्यालो नेपाललाई अघि बढाउने बताएका थिए ।

# सरकार फेरबदलको असर मधेसमा पुँजीगत खर्च २.४८ प्रतिशतमा खुम्चियो




**जनकपुर,२६ पुस ।** चालु आर्थिक वर्षको पहिलो पाँच महिनामै बारम्बार सरकार परिवर्तन हुँदा मधेस प्रदेश सरकारको बजेट कार्यान्वयन गम्भीर रूपमा प्रभावित भएको छ । यस अवधिमा प्रदेशले तीन पटक सरकार फेरबदल झेलेको छ, जसको प्रत्यक्ष असर पुँजीगत खर्चमा देखिएको छ । आर्थिक वर्षको सुरुवातमा जनता समाजवादी पार्टी (जसपा) नेपालका सतीशकुमार सिंहको नेतृत्वमा सरकार बनेको थियो । त्यसपछि करिब एक महिना एमाले नेतृत्वको सरकार रह्यो भने हाल नेपाली कांग्रेसका कृष्णप्रसाद यादवको नेतृत्वमा सात दलको समर्थनमा सरकार सञ्चालनमा छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चालु आर्थिक वर्षका लागि विनियोजित ४६ अर्ब ९८ करोड ३५ लाख रुपैयाँको कुल बजेटमध्ये पुस २१ गतेसम्म जम्मा २ अर्ब ४० करोड ५८ लाख रुपैयाँ मात्र खर्च भएको छ । यसमध्ये चालुतर्फ २ अर्ब ३३ करोड ९ लाख रुपैयाँ र पुँजीगततर्फ मात्र ७ करोड ४९ लाख ६१ हजार रुपैयाँ खर्च भएको छ, जुन कुल पुँजीगत बजेटको २.४८ प्रतिशत मात्र हो । हालै मन्त्रिपरिषद् पूर्णता पाएको वर्तमान सरकारले बजेट कार्यान्वयनलाई प्राथमिकतामा राख्दै योजनाबद्ध रूपमा अघि बढ्ने तयारी गरिरहेको जनाएको छ । तर प्रदेशमा अझै पनि टुक्रे योजना, लेनदेनका आधारमा योजना समावेश गर्ने र नेता-कार्यकर्ताको दबाबमा बजेट बाँडफाँड हुने प्रवृत्ति कायम रहेको भन्दै आलोचना भइरहेको छ । यसले प्रदेश गौरवका दीर्घकालीन र बहुउद्देश्यीय योजनाहरू ओझेलमा परेको सरोकारवालाहरूको गुनासो छ । पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रालयहरूलाई विकास बजेट सञ्चालनका लागि स्पष्ट अख्तियारी नदिइएको भन्दै द्रुत गतिमा काम गर्नुपर्नेमा जोड दिए । उनले यस विषयमा मुख्यमन्त्रीसँग छलफलसमेत गरेको बताएका छन् । मन्त्रालयगत रूपमा हेर्दा, सबैभन्दा धेरै पुँजीगत बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले १५ अर्ब ६५ करोडमध्ये ५५ करोड ३४ लाख रुपैयाँ मात्र खर्च गरेको छ ।

# १० किमि म्याराथनमा श्रीजंग गणका सिपाही वली प्रथम



**बीरगन्ज,२६ पुस ।** नेपाली सेनाको श्रीजंग गण, बीरगन्जले ३०४औं पृथ्वीजयन्तीको अवसरमा पर्सागढी नगरपालिकास्थित ऐतिहासिक पर्सागढी युद्धस्थलमा शनिबार म्याराथन दौड प्रतियोगिता आयोजना गरेको छ । कार्यक्रमअन्तर्गत १० किलोमिटर खुला म्याराथन, छात्र-छात्राका लागि छुट्टाछुट्टै पाँच किलोमिटर दौड तथा पाँच किलोमिटर वाकाथन प्रतियोगिता सञ्चालन गरिएको थियो । १० किलोमिटर खुला म्याराथनमा श्रीजंग गणकै सिपाही लीलाराम वली प्रथम हुन सफल भए । सोही गणका सिपाही सर्जन राउत द्वितीय तथा पुष्प अछामी तृतीय भए । पाँच किलोमिटर छात्र दौडतर्फ नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बर्डेवाका निरज चौधरी प्रथम, नेपाल राष्ट्रिय मावि बरुवा छटौलीका गोलु सहनी द्वितीय र सोही विद्यालयका अंकेश सहनी तृतीय स्थानमा रहे । त्यस्तै, छात्रा पाँच किलोमिटर दौडमा नेपाल राष्ट्रिय मावि बरुवा छटौलीकी काजल सहनी प्रथम, सोही विद्यालयकी नन्दनीकुमारी पटेल द्वितीय र सिद्धार्थ माध्यमिक विद्यालय वीरगञ्जकी अञ्जु कुमारी पटेल तृतीय भइन् । वाकाथन प्रतियोगितामा विभिन्न सरकारी कार्यालय, सुरक्षा निकायका प्रमुख तथा कर्मचारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । उक्त अवसरमा विसं १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इस्ट इन्डिया कम्पनीबीच पर्सागढीमा भएको ऐतिहासिक युद्धको स्मरण पनि गरिएको थियो । उक्त युद्धमा ब्रिटिस फौजको नेतृत्व मेजर जनरल मार्ले अन्तर्गत कप्तान सिब्लीले गरेका थिए भने नेपाली फौजको नेतृत्व रञ्जित चौधरीले गरेका थिए । श्रीजंग गणका गणपति तथा प्रमुख सेनानी लोकेन्द्र कार्कीले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मजयन्ती सम्मानपूर्वक मनाउन हरेक वर्ष यस्ता विविध कार्यक्रम आयोजना गरिँदै आएको बताए । प्रतियोगिताका विजेताहरूलाई प्रमुख जिल्ला अधिकारी भोला दाहाल, पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठक, श्रीजंग गणका गणपति लोकेन्द्र कार्की तथा सशस्त्र प्रहरी बल पर्साका गणपति पुरनचन्द्र भट्टलगायतले मेडल, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरेका थिए ।


## बारागढी गाँउपालिकाद्वारा जनहितमा जारी संदेश

प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।

बच्ने उपायहरु

- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यबस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेबन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका वन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

छरछिमेकमा कोहि विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खवर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।

## इन्फ्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।

**इन्फ्लुएन्जा (फ्लू) बाट बच्नः**

❖नियमित रुपमा साबुन पानीले हात धुने गरौं।
❖खोक्दा वा हाच्छ्युँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।
❖जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।
❖भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं।
❖फ्लुका लक्षण (ज्वरो, खोकी, घाँटी दुखे, थकान) देखिए सावधानी अपनाऔं।
❖सफा, ताजा र पोषिलो खाना खाऔं।
❖बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा